बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।१९ गते, समयः विहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०३।१९ गते सुक्रबारका दिन विहान ८:०० बजे पाखीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री सुनिल पौडेल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारी | | | | |
| १ | अनिस काफ्ले | अधिकृत आठौं तह | | |
| २ | सुबाश धमला | लेखा अधिकृत | | |
| ३ | पर्शुराम श्रेष्ठ | ईन्जिनियर | | |
| ४ | नरेन्द्र कुमार लिम्बु | ईन्जिनियर | | |

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।१९ गते, समयः विहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१) **प्रस्ताव नं १-** सिंहदेवी चोक-मुगा खोला-उत्तरपानी -मन्सीचौतारा सडक स्तरोन्नती कार्यको म्याद थप सम्बन्धमा ।

२) **प्रस्ताव नं २-** पाख्रीबास- मानेसल्लेरी-बेलगैरी -फावा खोला सडक स्तरोन्नती कार्यको म्याद थप सम्बन्धमा ।

३) **प्रस्ताव नं ३ -** धनकुटा जिल्ला पाख्रीबास न.पा. वार्ड नं ८ र ६ भुल्के साँधि खोला तथा डाँडा खर्क तीनतलेश्वर सडक स्तरोन्नतीको म्याद थप सम्बन्धमा ।

४) **प्रस्ताव नं ४ -** महेन्द्र आधारभुत विद्यालय देखी साठीमुरे सडक स्तरोन्ती, पाख्रीबास न.पा.-०८ धनकुटाको म्याद थप सम्बन्धमा ।

५) **प्रस्ताव नं ५ -** १५ सैंया अस्पतालको म्याद थप सम्बन्धमा ।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।१९ गते, समयः विहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

निर्णयहरु

निर्णय नं १

पाखीबास नगरपालिकाको आ.व.२०८२।०८३ नेपाल सरकार सशर्त अनुदान तर्फको स्वीकृत योजना अन्तरगत यस कार्यालयको ठेक्का नं (PKBSMUN/NCB/WORKS/2082/083-03 )को सिंहदेवी चोक-मुगाखोला-उत्तरपानी-मन्सीचौतारा-सडक स्तरोन्नती योजनाको लागि मिति २०८२।०७।०२ गते बोलपत्र आव्हान भई सार्वजनिक खरिद ऐन नियमावलीको व्यबस्था बमोजिम यस कार्यालयको निर्णय अनुसार बोलपत्र छनौट तथा स्वीकृत भई मिति २०८२।१०।२८ गतेका दिन यस कार्यालय र श्री एवाई कन्स्ट्रक्सन धनकुटा-४ धनकुटा विच जम्मा मु.अ. कर र पी.एस आईटम बाहेक रु २३२४८११४।७५ (दुई करोड बत्तीस लाख अठ्चालीस हजार एक सय चौध रुपैया पैसा पचहत्तर मात्र) मा मिति २०८३।०३।२० गते सम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता भई निर्माण कार्य भईरहेकोमा निर्माण व्यबसायीले मिति २०८२।१२।२० मा उक्त निर्माण कार्य गर्नु पर्ने सडकको विभिन्न खण्डमा २०८२ असोज र कार्तिकमा परेको अविरल बर्षाको कारणले विभिन्न स्थानमा क्षति पुर्याएको हुँदा भेरिएसन आदेश माग गरेकोमा यस कार्यालयको मिति २०८३।०१।१७ गतेको निर्णय अनुसार सुरु सम्झौता रकममा रु १२५९।७२ (बाह्र सय उनान्साठी रुपैया पैसा बहत्तर मात्र) घटी हुने गरि भेरिएसन आदेश स्वीकृत भई निर्माण कार्य भईरहेकोमा मिति २०८३।०३।०१ मा निर्माण व्यबसायी श्री एवाई कन्स्ट्रक्सन धनकुटा-४ धनकुटाले **मध्यपुर्व ईरान अमेरिकाको युद्धको कारण, निर्माण सामग्री बिटुमीनको भारी मुंल्य बृद्धि भएको कारण प्राईमकोट गर्ने क्रममा बर्षातको कारणले गर्दा पहिलो सम्झौता अवधिभित्र निर्माण कार्य सम्पन्न गर्न सम्भव नभएको हुँदा** निर्माण कार्य ढिलाई भएकोले मिति २०८३।०६।२० गते सम्म म्याद थप माग गरेकोमा प्रमुख प्रशासकीय अधिकृत बाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा २(१) र सार्वजनिक खरिद नियमावली २०६४ नियम १२०(१) बमोजिम म्याद थपको लागि निर्णयार्थ पेश भएको हुँदा हाल सम्मको निर्माण कार्यको प्रगति ८७ प्रतिशत लाई मध्यनजर गरि चालु आ.व. को तोकिएको मितिमा समपुरक अनुदान तर्फको खर्च हुन बाँकी रकम फिर्ता गर्नु पर्ने हुँदा आगामी आ.व. को लागि म्याद थप गरेको कारणबाट फिर्ता हुन जाने रकम बराबर साथै यस नगरपालिकाको साझेदारीको दायित्व बराबर रकम समेत व्यबस्था गरि भेरिएसन आदेश पछिको मुल्यमा नबढ्ने गरि मिति २०८३।०५।२७ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

बैठक संख्याः ।२०८२।०८३
बैठक मितिः २०८३।०३।१९ गते, समयः विहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

निर्णय नं २

पाख्रीबास नगरपालिकाको आ.व.२०८२।०८३ नेपाल सरकार सशर्त अनुदान तर्फको स्वीकृत योजना अन्तरगत यस कार्यालयको ठेक्का नं (PKBSMUN/NCB/WORKS/2082/083-02 )को पाख्रीबास-मानेसल्लेरी र बेलगैरी- फावाखोला सडक स्तरोन्नतीको लागि मिति २०८२।०७।०२ गते बोलपत्र आव्हान भई सार्वजनिक खरिद ऐन नियमावलीको व्यबस्था बमोजिम यस कार्यालयको निर्णय अनुसार बोलपत्र छनौट तथा स्वीकृत भई मिति २०८२।०९।०२ गतेका दिन यस कार्यालय र श्री एस.एन. पि. एस. निर्माण सेवा भोजपुर विच जम्मा मु.अ. कर र पी.एस आईटम बाहेक रु ९९३९०५५।०६ (उनान्सय लाख उनान्चालीस हजार पचपन्न रुपैया पैसा छ मात्र) मा मिति २०८३।०१।३० गते संम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा यस कार्यालयको मिति २०८३।०१।२९ गतेको निर्णय अनुसार पहिलो पटक मिति २०८३।०३।२० सम्म पहिलो पटक म्याद थप भई निर्माण कार्य गरिरहेकोमा मिति २०८३।०२। २१ गते निर्माण व्यबसायी श्री एस.एन.पि. एस. निर्माण सेवाले **मौशम परिवर्तन भई निरन्तर भारी बर्षाको कारण, पेट्रोलियम पदार्थको मुल्यमा अत्याधिक बृद्धि भएको कारण सम्पुर्ण निर्माण सामग्रीहरुको रेट बढेको र गत फागुन २१ गते पर्न गएको चुनावको कारण कामदारहरु चुनावको लागि विदामा गएकोले लामो समय सम्म निर्माण स्थलमा उपस्थित नभएको कारण** निर्माण कार्य ढिलाई भएकोले मिति २०८३।०६।२० गते सम्म म्याद थप माग गरेकोमा प्रमुख प्रशासकीय अधिकृत बाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा २(१) र सार्वजनिक खरिद नियमावली २०६४ नियम १२०(१) बमोजिम म्याद थपको लागि निर्णयार्थ पेश भएको हुँदा हाल सम्मको निर्माण कार्यको प्रगति ८७ प्रतिशत लाई मध्यनजर गरि चालु आ.व. को तोकिएको मितिमा समपुरक अनुदान तर्फको खर्च हुन बाँकी रकम फिर्ता गर्नु पर्ने हुँदा आगामी आ.व. को लागि म्याद थप गरेको कारणबाट फिर्ता हुन जाने रकम बराबर साथै यस नगरपालिकाको साझेदारीको दायित्व बराबर रकम समेत व्यबस्था गरि भेरिएसन आदेश पछिको मुल्यमा नबढ्ने गरि मिति २०८३।०५।२७ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं ३

पाख्रीबास नगरपालिकाको आ.व.२०८२।०८३ नेपाल सरकार सशर्त अनुदान तर्फको स्वीकृत योजना अन्तरगत यस कार्यालयको ठेक्का नं (PKBSMUN/NCB/WORKS/2082/083-07 ) को धनकुटा जिल्ला पाख्रीबास नगरपालिका वडा नं ८ र ६ भुल्के साँधी खोला तथा डाँडा खर्क तीनतलेश्वर सडक स्तरोन्नती योजनाको लागि मिति २०८२।१०।०२ गते बोलपत्र आव्हान भई सार्वजनिक खरिद ऐन नियमावलीको व्यबस्था बमोजिम यस कार्यालयको निर्णय अनुसार बोलपत्र छनौट तथा स्वीकृत भई

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।१९ गते, समयः विहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

मिति २०८२।१२।०२ गतेका दिन यस कार्यालय र श्री न्यू राई निर्माण सेवा धनकुटा-४, धनकुटा विच जम्मा मु.अ. कर र पी.एस आईटम सहित रु २५१४५०७।०६ (पच्चीस लाख चौध हजार पाँच सय सात रुपैया छ पैसा मात्र) मा मिति २०८३।०३।२० गते सम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा मिति २०८३।०२। २० गते निर्माण व्यवसायी श्री न्यू राई निर्माण सेवा धनकुटा -७ धनकुटाले **मौशम परिवर्तन भई निरन्तर भारी बर्षाको कारण, पेट्रोलियम पदार्थको मुल्यमा अत्याधिक बृद्धि भएको कारण सम्पुर्ण निर्माण सामग्रीहरुको रेट बढेको र गत फागुन २१ गते पर्न गएको चुनावको कारण कामदारहरु चुनावको लागि विदामा गएकोले लामो समय सम्म निर्माण स्थलमा उपस्थित नभएको कारण** निर्माण कार्य ढिलाई भएकोले निर्माण कार्य सम्पन्न गर्न नसकेकोले मिति २०८३।०९।३० गते सम्म म्याद थप माग गरेकोमा प्रमुख प्रशासकीय अधिकृत बाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा २(१) र सार्वजनिक खरिद नियमावली २०६४ नियम १२०(१) बमोजिम म्याद थपको लागि निर्णयार्थ पेश भएको हुँदा हाल सम्मको निर्माण कार्यको प्रगति अनुमानित ४० प्रतिशत लाई मध्यनजर गरि चालु आ.व. को तोकिएको मितिमा सशर्त अनुदान तर्फको खर्च हुन बाँकी रकम फिर्ता गर्नु पर्ने हुँदा आगाम्मी आ.व. को लागि म्याद थप गरेको कारणबाट फिर्ता हुन जाने रकम बराबर ६ नं वडा कार्यालयको च.नं ९६२ मिति २०८३।०३।१९ को पत्रानुसार उक्त वडा कार्यालयले यस ठेक्काको म्याद थप हुँदा व्यहोर्नु पर्ने रकम मध्ये रु ४८८५३६।७४ (चार लाख अठासी हजार पाँच सय छत्तीस रुपैया पैसा चौरहत्तर मात्र) वडा कार्यालयको बजेट बाट व्यहोर्ने प्रतिबद्धता सहित म्याद थपको लागि सिफारिस गरेको साथै ८ नं वडा कार्यालयको च. नं ९६६ मिति २०८३।०३।१९ को पत्रानुसार यस योजनाको लागि म्याद थप गर्दा पर्ने भारको लागि ८ नं वडा कार्यालय समेत जिम्मेवार रहनेछ भनि उक्त योजनाको म्याद थप गरिदिनको लागि सिफारिस भएको हुँदा उक्त योजनाको ठेक्का सम्झौताको मुल्यमा नबढ्ने गरि सम्बन्धित वडा कार्यालयको बजेट प्रतिबद्धता बमोजिम सम्बन्धित वडा बाट विनियोजन हुने बजेट र नपुग रकम यस नगरपालिकाबाट व्यवस्था हुने गरि मिति २०८३।०५।२७ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं ४

पाखीबास नगरपालिकाको आ.व.२०८२।०८३ नेपाल सरकार सशर्त अनुदान तर्फको स्वीकृत योजना अन्तरगत यस कार्यालयको ठेक्का नं (PKBSMUN/NCB/WORKS/2082/083-05 ) महेन्द्र आधारभुत विद्यालय देखी साठीमुरे सडक स्तरोन्ती, पाखीबास न.पा.- ०८ धनकुटा सडक स्तरोन्नती योजनाको लागि मिति २०८२।०९।०६ गते बोलपत्र आव्हान भई सार्वजनिक खरिद ऐन नियमावलीको व्यवस्था बमोजिम यस कार्यालयको निर्णय अनुसार बोलपत्र छनौट तथा स्वीकृत भई मिति २०८२।१०।२९ गतेका दिन यस कार्यालय र श्री प्रधान कन्स्ट्रक्सन धनकुटा-५, धनकुटा विच जम्मा मु.अ. कर र

५

पी.एस आईटम सहित रु १५४३४५५।३६ (पन्ध्र लाख त्रिचालीस हजार चार सय पच्पन्न रुपैया छत्तीस पैसा मात्र) मा मिति २०८३।०३।२० गते सम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा मिति २०८३।०१।२८ गते निर्माण व्यबसायी श्री प्रधान कन्स्ट्रक्न धनकुटा-५ धनकुटाले जेन जी आन्दोलन पछि पनि ढुवानी पुर्ण रुपमा सामान्य हुन नसकेको, श्रमिकको अभाव र **मध्यपुर्वमा विकसित युद्धको कारण ईन्धन तथा निर्माण सामग्रीमा अप्रत्यासित मुल्य वृद्धि भै कारखानाले निर्काण सामग्री उत्पादन गर्न नसकेको साथै बर्षादको समय भनेदा अगाडी अध्याधिक मात्रामा पानी परेको कारणले** निर्माण कार्य ढिलाई भएकोले निर्माण कार्य सम्पन्न गर्न नसकेकोले मिति २०८३।०६।३० गते सम्म म्याद थप माग गरेकोमा प्रमुख प्रशासकीय अधिकृत बाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा २(१) र सार्वजनिक खरिद नियमावली २०६४ नियम १२०(१) बमोजिम म्याद थपको लागि निर्णयार्थ पेश भएको हुँदा हाल सम्मको निर्माण कार्यको प्रगति अनुमानित ७० प्रतिशत भन्दा माथि लाई मध्यनजर गरि चालु आ.व. को तोकिएको मितिमा सशर्त अनुदान तर्फको खर्च हुन बाँकी रकम फिर्ता गर्नु पर्ने हुँदा आगामी आ.व. को लागि म्याद थप गरेको कारणबाट फिर्ता हुन जाने रकम बराबर ८ नं वडा कार्यालयको च.नं ९६२ मिति २०८३।०३।१९ को पत्रानुसार उक्त वडा कार्यालयले यस ठेक्काको म्याद थप हुँदा व्यहोर्नु पर्ने रकम मध्ये रु आवस्यक रकम वडा कार्यालयको बजेट बाट व्यहोर्ने प्रतिबद्धता सहित म्याद थपको लागि सिफारिस गरेको हुँदा उक्त योजनाको ठेक्का सम्झौताको मुल्यमा नबढ्ने गरि सम्बन्धित वडा कार्यालयको बजेट प्रतिबद्धता बमोजिम सम्बन्धित वडा बाट विनियोजन हुने बजेट र नपुग रकम यस नगरपालिकाबाट व्यबस्था हुने गरि मिति २०८३।०५।२७ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

पाख्रीबास नगरपालिकाको नेपाल सरकार सशर्त अनुदान तर्फको स्वीकृत योजना अन्तरगत यस कार्यालयको ठेक्का नं (PKBSMUN/NCB/WORKS/2078/079-03 ) Construction Of 15 Bed Hospital In Pakhribas Municipility को मिति २०८२।१०।३० को निर्णय अनुसार मिति २०८३।०३।२५ गते सम्म कार्य सम्पन्न गर्ने गरि तेश्रो पटक म्याद थप भई निर्माणाधिन रहेकोमा निर्माण व्यबसायी श्री सुबेदी- ओम बुद्ध जे.भी. भिमेश्वर नगरपालिका -६ चरिकोट दोलखाले मिति २०८३।०३।०१ गते चौथो पटक **जेन जी आन्दोलनं पछि पनि ढुवानी पुर्ण रुपमा सामान्य हुन नसकेको, श्रमिकको अभाव र मध्यपुर्वमा विकसित युद्धको कारण ईन्धन तथा निर्माण सामग्रीमा अप्रत्यासित मुल्य वृद्धि भै कारखानाले निर्काण सामग्री उत्पादन गर्न नसकेको साथै बर्षादको समय भन्दा अगाडी अध्याधिक मात्रामा पानी परेको कारणले** निर्माण कार्य ढिलाई भएकोले निर्माण कार्य सम्पन्न गर्न

नसकेकोले मिति २०८३।०९।३० गते सम्म म्याद माग गरेकोमा प्रमुख प्रशासकीय अधिकृत बाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा २(१) र सार्वजनिक खरिद नियमावली २०६४ नियम १२०(१) बमोजिम म्याद थपको लागि निर्णयार्थ पेश भएको हुँदा हाल सम्मको निर्माण कार्यको प्रगति ८५ प्रतिशत भन्दा माथि लाई मध्यनजर गरि नगरपालिकाकालाई थप आर्थिक भार नपर्ने गरि पेश भए बमोजिम मिति २०८३।०९।३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।